**नेपाल राष्ट्र बैंक**

**केन्द्रीय कार्यालय**

**भुक्तानी प्रणाली विभाग**

**भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रले सेवा सञ्चालन गर्नुपूर्व अनुमति लिने/नियमित गराउने सम्बन्धी सूचना ।**

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३ समेत) दफा ७९ उपदफा ३ र भुक्तानी तथा फछर्यौट विनियमावली, २०७२ (दोस्रो संशोधन, २०७४ समेत) को विनियम २८ उप विनियम (१) को खण्ड "ख" मा भुक्तानी सेवा प्रदायक संस्थाहरुले आफ्नो "सेवा सञ्चालन गर्नुपूर्व सञ्चालक समितिको निर्णयसहित आवश्यक कागजात राष्ट्र बैंकमा अनुमति वा स्वीकृतिका लागि पेश गर्नु पर्ने" भन्ने व्यवस्था बमोजिम इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु, अनुमतिपत्र प्राप्त भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्रले यस बैंकबाट अनुमति नलिई Cash Back Offer, Smart Card, Viber Banking वा सोही प्रकृतिका अन्य भुक्तानीका उपकरणहरु सञ्चालन गरिरहेको भन्ने जानकारी हुन आएकोले यस बैंकबाट अनुमति नलिई विद्युतीय भुक्तानी सम्बन्धी उपकरणहरु सञ्चालन नगर्नु/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

साथै विगतमा यस बैंकबाट अनुमति नलिई कुनै प्रकारका विद्युतीय भुक्तानी सम्बन्धी उपकरणहरु सञ्चालन गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र नियमित गर्न/गराउनुहुन समेत जानकारी गराइन्छ । यस सूचनाको वर्खिलाप हुने गरी विद्युतीय भुक्तानी सम्बन्धी उपकरणहरु सञ्चालन गरेको पाइएमा प्रचलित ऐन तथा विनियमावली बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति २०७५/०१/१६

**नेपाल राष्ट्र बैंक**

**भुक्तानी प्रणाली विभाग**